## १० बडाहाकिमहरूको सङ्कटकालीन अख्तियार २००८ (अस्थायी) ऐनको स्पष्टीकरणसम्बन्धी इश्तिहार—

२।३ महीनादेखि हाम्रो मुलुकको कुनै कुनै भागमा शान्ति र व्यवस्थासम्बन्धी अवस्था बिलकुलै सन्तोषजनक नभएको सबैलाई थाहा नै छ। शान्ति र व्यवस्थापूर्णरूपले स्थापित नभै कुनै मुलुकमा पनि उन्नति हुन सक्दैन। यस कारण सरकारले अराजकता दमन गर्नालाई हुन सक्ने सबै उपाय गर्ने निर्णय गरेको छ यी उपायहरू खास गरी दुष्ट काममा लाग्ने र उपद्रवीहरूउपर प्रयोग गरिने छन् जसले शान्तिप्रिय र कानूनबमोजिम चल्ने विशाल जनसमूहको सहानुभूति वा समर्थन पाएका छैनन् भन्ने सरकारलाई विश्वास छ अराजकता फैलाउनेहरूउपर ती उपायहरू प्रयोग गर्दा, सर्वसाधारण मानिसहरूलाई पनि केही दुःख वा असुविधा हुन जाने सम्भव छ। यो मुसिबतको परिस्थितिमा यस्तो नु अनिबार्य छ। केही अल्प समयको निमित्त यस्तो असुविधा हुन गए पनि अराजकताको जड उखाड्न र उक्त उपायहरूलाई कार्यान्वित गर्नमा जनताले सरकारलाई भित्र दिलैदेखिन्को पूर्ण सहयोग र सहायता दिनेछन् भन्ने सरकारले विश्वास गरेको छ।

श्री ५ महाराजाधिराजबाट ६ महीनाको निमित्त बडाहाकिमहरूको संकट कालीन अख्तियार ऐन २००८ (अस्थायी) पास गरिबक्सेको छ। यो ऐनले अपराधी र कानूनभङ्ग गर्नेहरूउपर कडा कार्रवाई गर्ने अख्तियार बडाहाकिमहरूलाई दिएको छ। ६ महीनाको निमित्त हातहतियारसम्बन्धी लाइसेन्सले दिएको अधिकार पनि स्थगित गरिएकोछ। यसकारण लाइसेन्स पाएका मानिसहरूले पनि हातहतियार ली हिंड्न हुँदैन। उपद्रवीहरूले गैरकानूनी कामको निमित्त हातहतियार ली हिड्ने गर्न नपाऊन् भन्ना निमित्त यो प्रबन्ध गरिएको हो। हातहतियार ली हिंड्ने मानिसहरू तुरुन्तै पक्राउ हुनेछन् औ, सशस्त्र दलहरूलाई बलप्रयोग गरेर पनि तितरबितर गरिनेछ।

आशा छ कि शान्ति र व्यवस्थाको परिस्थिति साविकबमोजिम चाँडै कायम हुनेछ भन्ने आशा गरिन्छ र उक्त संकट कालीन अख्तियार धेरै समयको निमित्त जारी राख्नु पर्ने आवश्यक रहने छैन।

इति संवत् २००८ साल आषाढ १७ गते रोज १ शुभम्

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।